टेन्डरवाला अघि काम नगरेको नयाँ काम गर्ने भए २ जना प्रतिष्ठित व्यापारी वा भद्रपुरुषको सिफारीस।

काम पाएमा दिन बुझाउन मंजूर भएको चामलको तौल:--अंक अक्षर दुवैमा लेखिनु पर्छ।

काम पाएमा दिन बुझाउन मंजूर भएको चामलको मन १ एकको दिन मंजूर भएको मोल अंक अक्षर दुवैमा लेखिनुपर्छ।

टेन्डरवाला कुनै कुरामा बात कसूर लागेको र कुनै रकम कलममा ठेकदार हिस्सेदार धनजमानी भइरहेको औ बाँकीवाला भए सोसमेत खुलाई लेखिनुपर्छ।

माथि लेखिएको सबै कुरा स्पष्ट बुझिने गरी खुलाई लेखी मेरो टेन्डर मंजूर भएमा सूचनामा प्रकाश भएको शर्तबमोजिम गरी काम गर्न मेरो मंजुर छ भन्ने लेखी दरखास्तवालाले सहिछाप र लाप्चे छापसमेत लगाई सिल्ड टेन्डर पठाउनुपर्छ। यो बेहोरा नलेखिएको दरखास्तबाट कारवाई हुनेछैन। माथि दफा दफामा लेखिएबाहेक अरू कुनै शर्त लेखेको मंजूर हुनेछैन।

नीरराज
सेक्रेटरी—
उद्योग वाणिज्य तथा खाद्यविभाग

## उद्योगविभागको सूचना नं. २८।०१

कुनै कुनै लिमिटेड कम्पनीमा रजिष्टर्ड अफिसमा पत्रव्यवहार गर्दा पनि मेनेजमेन्ट त्यहाँ नभएको हुनाले वा अरू कुनै कारणले गर्दा चिठ्ठी फर्केर आउँदछ। तसर्थ यस्ता कम्पनीहरूका मेनेजमेन्टहरूलाई सूचना दिइन्छ, कि रजिष्टर्ड अफिस



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खोलै राखी हरसमय चिठी बुझिलिने प्रबन्ध मिलाउनुपर्छ- या त बदलिएको अस्थायी ठेगानाको सूचना उचित समयमा एस विभागमा पठाउने गर्नुपर्छ। होइन र रजिष्टर भएको आफिसमा चिठी बुझी लिइन र बदलिएका ठेगानाको सूचना पनि पठाइएको छैन भने कानूनबमोजिम सजाय गर्न यस विभागलाई कर लाग्नेछ। आशा गरिन्छ कि कम्पनीको ठेगाना बदलिएको वा बदल्नुपरेको भए सम्बन्धित मेनेजमेन्टबाट यो सूचना निक्लनेबित्तिकै यस विभागमा जनाउ दिइनेछ।

महेशचन्द्र

का। मु. डाइरेक्टर,

उद्योगबिभाग, सिंहदरवार.

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग, सिंहदरबार

श्री
सरदार
विष्णु ध्वज जं. शाही
अफिसर इञ्चार्ज

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।